डा. सुधा गौतम
मन्त्री
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं, नेपाल

Dr. Sudha Gautam
Minister
Ministry of Health & Population
Ramshapath, Kathmandu, Nepal

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

पत्र संख्या: / Let. No.: ०८२/८३
चलानी नम्बर: / Ref No.: ४१

# ३८ औ विश्व एड्स दिवस, २०२५ को सन्देश

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु

**"अवरोधहरू पार गरौं, एड्स प्रतिकार्य रूपान्तरण गरौं"** भन्ने मूल नाराका साथ यस बर्षको विश्व एड्स दिवस मनाउन लागिएको यस अवसरमा, विगतमा यस रोगका कारण ज्यान गुमाएका दिदिबहिनी तथा दाजुभाइहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। एन्टीरेट्रो भाइरल औषधी नियमित सेवन गरेर सामान्य जीवन बिताइरहनु भएका एचआईभी संक्रमित सबैमा स्वस्थ जीवनयापनको शुभकामना व्यक्त गर्दछु। भविष्यमा यस महामारीका कारण कसैको पनि अकालमा मृत्यु नहोस् भन्ने मेरो हार्दिक चाहना रहेको छ।

नेपालले विगत दुई दशकमा एचआईभी नियन्त्रणमा उल्लेखनीय प्रगति हासिल गरेको छ। सन् २०१० देखि २०२४ सम्म नयाँ संक्रमण दर ७६ प्रतिशत र एड्सका कारण मृत्यु दर ७६ प्रतिशतले घटेको छ, हामीले प्राप्त गरेका यी उपलब्धीहरूलाई निरन्तरता दिँदै, दिगो विकास लक्ष्य प्राप्त गर्न सक्रियतापूर्वक अघि बढ्न आवश्यक छ । यस सन्दर्भमा एचआईभीको विश्वव्यापी मान्यता अनुसार नेपालले लिएको ९५-९५-९५ को लक्ष्य हासिल गर्न सामूहिक प्रतिबद्धता आवश्यक पर्दछ । यसको अर्थ हो, ९५ प्रतिशतले आफ्नो एचआईभीको अवस्थाबारे जानकारी पाउने, तीमध्ये ९५ प्रतिशतले एआरभी उपचार प्राप्त गर्ने र उपचारमा रहेका व्यक्ति मध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको मात्रा न्यून गराउने । यस कदमले एड्स अन्त्यको दिशामा ठोस प्रगति सम्भव बनाउँछ भन्ने विश्वास लिएको छु । हालसम्म नेपालले पहिलो ९५ मध्ये ९० प्रतिशत, दोस्रो ९५ मध्ये ८८ प्रतिशत, तथा तेस्रो ९५ मध्ये ७६ प्रतिशत लक्ष्य हासिल गरेको छ ।

हाल विश्वव्यापी वित्तीय सङ्कट र भेदभावका कारण एचआईभी प्रतिकार्यमा चुनौती कायमै छ। अब हामी सबैले मिलेर परिवर्तनकारी दृष्टिकोणबाट अगाडि बढ्नु आवश्यक छ जसले रोकथाम, उपचार र हेरचाहमा सबैको पहुँच सुनिश्चित गर्न सघाउँछ।

यस वर्ष विशेष गरी जेन जी (GEN Z) आन्दोलनले दिएको ऊर्जा र सन्देशले एचआईभी/एड्स प्रतिकार्यमा पनि अत्यन्त महत्वपुर्ण भुमिका रहने छ।

यस अवसरमा, एचआईभी रोकथाम, उपचार र हेरचाहमा संलग्न सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै, हाम्रो साझा प्रतिबद्धता सन् २०३० सम्म एड्स महामारीलाई अन्त्य गर्ने कार्यमा सबैलाई एकजुट हुन हार्दिक आह्वान गर्दछु।

१५ मंसिर, २०८२

सुधा गौतम

डा. सुधा गौतम
मन्त्री

फोन नं.: ०१-५३६२५३४
Phone No.: 01-5362534
Website: www.mohp.gov.np
E-mail: info@mohp.gov.np